आज मिति २०८३ वैशाख १४ गते सोमबारका दिन दुहवी नगरपालिकाका नगर प्रमुख श्री वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा तपसिलका विषयहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितीः

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | वेद नारायण गच्छदार | नगर प्रमुख | |
| २ | मेनुका पोखरेल खतिवडा | नगर उप-प्रमुख | |
| ३ | मो.अजुल हुसैन | वडा अध्यक्ष | |
| ४ | अरविन्द कुमार विश्वास | वडा अध्यक्ष | |
| ५ | माधव बहादुर भण्डारी | वडा अध्यक्ष | |
| ६ | मो.मस्तकी मिया | वडा अध्यक्ष | |
| ७ | रमेश रौनियार | वडा अध्यक्ष | |
| ८ | घनश्याम हलुवाई | वडा अध्यक्ष | |
| ९ | विजय कुमार चौधरी | वडा अध्यक्ष | |
| १० | तारिकचन्द सरदार | वडा अध्यक्ष | |
| ११ | मेहदी हुसेन | वडा अध्यक्ष | |
| १२ | तुलाराम माझी | वडा अध्यक्ष | |
| १३ | खड्गनारायण उराव | वडा अध्यक्ष | |
| १४ | रामचन्द्र चौधरी | वडा अध्यक्ष | |
| १५ | ललिता चौधरी | कार्यपालिका सदस्य | ललिता |
| १६ | बबिता देवी थरूनी | कार्यपालिका सदस्य | बबिता |
| १७ | सरिता कुमारी रिषिदेव | कार्यपालिका सदस्य | सरिता |
| १८ | ललिता सादा हरिजन | कार्यपालिका सदस्य | |
| १९ | मिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | जयब्रत सरकार | कार्यपालिका सदस्य | |
| २१ | धमेन्द्र रिषिदेव | कार्यपालिका सदस्य | |
| २२ | सरिता मुसहर्नी | कार्यपालिका सदस्य | |
| २३ | सुवर्ण घिमिरे | प्र.प्र.अ. | |
| २४ | शिवनारायण चौधरी | सहयोगी | |
| २५ | प्रमिला पौडेल | का.स. | |
| २६ | श्याम कुमार साह | का.स. | श्याम |

आज मिति २०८३ वैशाख १४ गते सोमबारका दिन दुहवी नगरपालिकाको नगर प्रमुख बेदनारायण गच्छदारज्यूको अध्यक्षतामा बसेको कार्यपालिका वैठकमा तपसिल बमोजिमको प्रस्तावहरु पारित गर्ने निर्णय गरियो ।

**प्रस्तावहरुः**

प्रस्तावनं. १ - शिक्षा समिति निर्णय कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं. २ जन्मदर्ता रद्धको लागि सिफारिस गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ३ शाल्पा मा.वि.को रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.४ नगरपालिकाको जगगामा भवन निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.५ निर्माण लाईसेन्स ईजाजत सम्बन्धमा ।
**प्रस्ताव नं.६ विविध ।**

**निर्णयहरुः**

प्रस्तावनं. १ - माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८३/०१/०३ गतेको निर्णयानुसार श्री मदन आश्रीत आधारभूत विद्यालय, दुहवी–१ र श्री जनता मायावती आधारभूत विद्यालय, दुहवी–१ लाई कक्षा थप सम्बन्धी अनुमति हाललाई स्थगित गर्ने र गोदावरी बोर्डिङ्ग स्कुल(कक्षा १०) लगायत अन्य विद्यालयहरुको हकमा शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं.९ बस्ने विप्लव गच्छदारको नागरिकता तथा सर्टिफिकेटमा जन्म मिति २०५२/०२/१० गते रहेको तर जन्मदर्तामा २०५०/०२/१० रहेकोले हाल जन्मदर्ता प्रतिलिपी बनाउदा जन्म मिति २०५०/०२/१० गते कायम रहने हुदा नयाँ जन्मदर्ता मिति २०५२/०२/१० गते हुने गरी बनाउने प्रयोजनार्थ पुरानो जन्मदर्ता रद्द गर्ने प्रक्रियाको लागि जिल्ला प्रशासन कार्यालय सुनसरीमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं.१२ को शाल्पा मा.वि.मा ECD कक्षामा वालवालिकाको लागि खेलकुद, खेलौना समाग्री खरिद गर्न रु.एक लाख बजेट खेलकुद शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस नगरपालिको धर्मशाला नजिक जग्गामा बजार विस्तारको लागि भवन निर्माण गरी व्यवसाय गर्ने वातावरण बनाउन पेश भएको स्थानीय नागरिकको निवेदनलाई सकारात्मक रुपमा लिई कार्य संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस नगरपालिकामा "घ" वर्गको निर्माण ईजाजत पत्रको लागि पुस्पा कन्ट्रक्शन प्रा.लि. दुहवी-९ ले पेश गरेको कागत प्रमाण आधारमा प्राविधिक समितिले पेश गरेको मूल्यांकन सिफारिस आधारमा ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६-विविध

प्रस्ताव नं क माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको दुहवी बजार क्षेत्र भित्र सडक श्रेत्राकार भित्र पर्ने टहरा, छाप्रा, ठेला, होर्डिङ वोर्ड, सडक सामाग्री तथा अन्य मालवस्तय (७) दिन भित्र हटाउन तथा बजारको नालामा ढल मिसाउने अवस्था फेला परेकोले उक्त ढल मिसाउने कार्य गरेको पाईएकोमा प्रचलित कानून तथा फोहोरमैला व्यवस्थापन ऐन,२०६८ अनुसार कारवाही हुने जानकारी समेत गराउने निर्णय गरियो ।

प्रस्ताव नं.ख माथि छलफल गर्दा नेपाल राष्ट्रिय भवन संहिता एन.वि.सि.१०५, २०२४ को Ready to use detailing guideline for low rise reinforced concrete building without masonry infill wall को Column size (350*350) राखी भवन डिजाईन प्रावधान सम्बन्धमा, Column size(300*300) राखी बाँकी कुनै किसिमको Detailing र detail structural analysis अनिवार्य रुपमा गराई नक्सा पास इजाजत दिने र निर्माण कार्य सम्पन्न प्रमाण पत्र दिने निर्णय गरियो ।